## पि.पि.आर. रोगसंग मिल्दा जुल्दा लक्षण भएका अन्य रोगहरू

- खोरेत
- निलजिब्रे
- मुआलो
- भेडा वाख्राको निमोनिया

## पि.पि.आर. रोग लागेको शंका लागेमा के गर्ने ?

- पि.पि.आर. रोगको शंका लागेमा रोगी पशुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने ।
- रोग लागि मरेका पशुलाई गहिरो खाडलमा चुना हालि गाडिदिने ।
- पि.पि.आर. रोग सुचना गर्नु पर्ने वर्गमा सूचिकृत भएकोले रोगको शंका लागेमा तत्काल नजिकको पशुसेवाका निकायमा खबर गर्ने ।

## पि.पि.आर. रोगबाट बचाउन अपनाउन पर्ने उपायहरू

- अन्यत्र बाहिरवाट ल्याईएका भेडावाख्रालाई कम्तीमा पनि दश दिनसम्म घरगोठमा रहेका पशुवस्तुसंग नमिसाई अलग्गै राख्ने । त्यस अवधिमा रोगको कुनै लक्षण नदेखिएमा मात्र वथानमा मिसाउने ।
- रोगी पशुवस्तुलाई एक स्थानवाट अर्को स्थानमा स्थानान्तरण वा ओसार पसार नगर्ने ।



- चरिचरनमा विभिन्न वथानका भेडावाख्रा एकै स्थानमा मिसिने हुंदा आफ्नो वथानका भेडावाख्रालाई नियमित रुपमा पि.पि.आर. रोग विरुद्ध खोप लगाउने ।
- हिउंद महिनामा हिमाली भेगका भेडाबाख्रा वेसीतर्फ झारिने हुंदा वेसी पुग्नु अगावै पि.पि.आर. रोग विरुद्ध खोप लगाउने।





**विस्तृत जानकारीको लागि**


**सार्क-आर.एस.यु.**

**SAARC - R.S.U. (Regional Support Unit)**

त्रिपुरेश्वर, काठमाडौं

फोनः ०१ ४२६४६२२

ईमेलः saarcrsu@gmail.com

वेवसाइटः www.saarcrsu.gov.np


# पि.पि.आर. रोग सम्बन्धि सूचना

## पि.पि.आर. रोगको रोकथाम तथा नियन्त्रण

## हाम्रो साझा अभियान




नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

सार्क-आर.एस.यु.

SAARC - R.S.U. (Regional Support Unit)

त्रिपुरेश्वर, काठमाडौं

आ.व. २०८१/०८२ (पुनः प्रकाशन)

## पि.पि.आर. रोग

- पि.पि.आर. भेडावाखामा बिषाणुका कारण लाग्ने महामारी रोग हो । नेपालमा यो रोगको संक्रमण देखा परे देखि पशुधनको व्यापक क्षति पुऱ्याउदै आएको छ ।
- यो रोगबाट हुन सक्ने क्षति न्यूनिकरण गर्न नेपाल सरकारले आ.व. २०५८/०५९ देखि राष्ट्रिय पि.पि.आर. रोग नियन्त्रण कार्यक्रम मार्फत वर्षेनि भेडाबाखामा खोप लगाउने कार्य संचालन गरिरहेको छ ।



## पि.पि.आर. रोग सर्ने तरिका

- रोगी भेडाबाखाको प्रत्यक्ष सम्पर्क भएमा,
- विषाणुको लसपस भएको घाँसपात, पानी, आहार, सोत्तर आदिबाट,
- रोगी भेडाबाखाको ओसारपसारबाट,
- हेरचाह गर्ने व्यक्तिको लुगा, जुत्ता आदिको माध्यमबाट ।

## पि.पि.आर. रोग लाग्दा देखिने लक्षणहरू

- ज्वरो आउने, झोक्राउने, थुतुनो सुख्खा हुने, घांसपात नखाने र उग्राउन छोड्ने ।
- आंखामा कचेरा लाग्ने र बाक्लो सिंगान बग्ने ।



- निमोनिया हुने, पेटको बलले सास फेर्ने ।



- गिजा र मुख भित्र घाउहरु देखिने ।



- छेरौटी लाग्ने ।



- एकै पटक वथानमा धेरै भेडा वाख्रा विरामी हुने/मर्ने ।
- रोग देखापरि मरेका पशुको चिरफार गर्दा ठूलो आन्द्रामा रक्तश्रावका धर्साहरु देखिने तथा फोक्सो सुन्निएको हुने ।

